२. अध्ययनको महत्व

नेपालमा राज्यको पूर्नरसंरचना पछि स्थानीय तहहरुको वजेट निर्माण प्रक्रियालाई लैङ्गिक कोणवाट सन्तुलित वनाउदै र यसको परीक्षण समेत गर्दै सम्वृद्ध नेपाल सुखि नेपालीको नारालाई टेवा पुऱ्याउनु परीक्षणका थालनीगरिएको छ ।

३. लैङ्गिक बजेट परिक्षणको उद्देश्यहरु

- स्थानीय सरकारको बजेट तर्जुमा नीति, प्रक्रिया र संरचनाको लैङ्गिक
- सम्वेदनशीलता र जवाफदेहिता मापन गर्नु ।
- श्रोतको वांडफांटमा महिलाका आवश्यकता सम्वोध नभए/नभएको विश्लेषण गर्नु ।
- नीति निर्माण र योजना तर्जुमा प्रक्रियामा महिलाका मुद्धालाई छलफलमा ल्याउन र सरोकारवालाहरु लाई उत्तरदायी वन्न उत्प्रेरित गर्नु ।
- लैङ्गिक मूलप्रवाहीकरणको समग्र प्रक्रियमा योगदान दिने तर्फ उन्मुख लैङ्गिक सम्वेदनशील आर्थिक प्रतिवद्धता निर्माण गर्न सहयोग पुऱ्याउनु ।

४. अध्यनका क्षेत्रहरु

लैससास परीक्षणका क्षेत्रहरुलाई निम्न वुदामा उल्लेख गर्न सकिन्छ ।

- गाउँपालिकाको वजेट वितरणमा लैससास क्षेत्रको सम्बोधनको अवस्था
- गाउँपालिकाको नीती तथा विधीमा लैससासको स्थानको लेखाजोखा
- समावेशीकरणको अवधारणागत पक्षको लेखाजोखा

५. अध्ययनको विधि

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यलाई सम्पन्न गर्न निम्नलिखित विधीहरु अवलम्बन गरिएको छ -

- सान्दर्भिक दस्तावेजको अध्ययन र समिक्षा ( Documents Review)
- स्थलगत अवलोकन ( Field Observation )
- लक्षित समूह छलफल (Focus Group Discussion)
- खास सुचकहरुसँगको अन्तरवार्ता (Key Informent Interview )

६. विश्लेषणको माध्यम

लैससास विश्लेषणको समग्र अवस्थालाई बोधगम्य वनाउन माकुरी जालो प्रारुप ( Cob Web Model ) को माध्यमलाई आधार लिइएकोछ ।

७. परीक्षणबाट आएका मुख्य प्राप्तिहरु

लैससास परिक्षण र नतिजा विश्लेषणबाट गत आ.ब.को तुलनामा यस आ.व. ०७९/०८० मा सारभूत रुपमा सकरात्मक परिवर्तनहरु देखिएका छन् । यस्ता परिवर्तनहरुमा खासगरी-

- महिलाहरुको विवेकपुर्ण र सुसुचित सहभागिताको स्तरमा बृद्धि भएको छ ।
- सामाजिक समावेशीकरणका लागि विनियोजन हुने बजेटको आयतनमा बृद्धि भएको छ ।
- लैङ्गिक तथा सामाजिक सम्बन्धको सम्बेदनशिलताको विषयमा महिला समुह, टोल विकास संस्था, आमा समुह आदी जस्ता खुल्ला समुहहरुको कृयासिलता वढेको छ ।

| क्र.स. | सूचक र उप-सूचकहरू | अंक | प्राप्ताङ्क | पुष्ट्याई को आधार | कैफियत |
|---|---|---|---|---|---|
| क | गाउँपालिकाले तर्जुमा गर्ने कानुन (ऐन, नियम, निर्देशिका, कार्यविधि, मापदण्ड), नीति/रणनीति तयार गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको दृष्टिले सहभागिता हुने गरेको छ वा छैन ? | ० - १ | १ | सहकारी ऐन, उपभोक्ता समिति संचालन निर्देशिका, वालअधिकार संरक्षण कार्यविधी | |
| ख | कानुन तथा नीति निर्माणको क्रममा लाभग्राही विशेषतः महिला तथा सामाजिक रुपमा बञ्चितिमा परेको समुदायको सुझाव लिईएको छ वा छैन ? | ० - १ | ०.५ | कार्यपालिका निर्णय पुस्तिका | |
| ग | हालसम्म स्वीकृत भएका कानुनहरु र नीति हरुका बारेमा पदाधिकारी तथा कर्मचारीहरुका लागि अभिमुखिकरण भएको छ वा छैन र समान बुझाई छ वा छैन ? | ० - १ | ०.५ | उपस्थिती माइन्युटहरु | |
| घ | स्वीकृत भएका कानुन र नीतिहरु वेवसाइटमा राखिएको साथै प्रकाशन गरी सवैको पहुँचमा हुने गरी पालिकाका सम्वन्धित शाखाहरु र वडा कार्यालयमा राखिएको छ वा छैन ? | ० - १ | ०.५ | स्वीकृत भएका कानुन र नीतिहरु वेवसाइटमा राखिएको | |

| क्र.स. | सूचक र उप-सूचकहरू | अंक | प्राप्ताङ्क | पुष्ट्याई को आधार | कैफियत |
|---|---|---|---|---|---|
| घ | वार्षिक योजना तर्जुमा गर्दा लैङ्गिक उत्तरदायी बजेट (GRB)तर्जुमा प्रक्रिया अवलम्बन गरी कार्य योजना तयार गर्ने गरिएको छ ? | ०–१ | ०.५ | वार्षिक योजना पुस्तिका | |
| ङ | बस्तीस्तरको योजना तर्जुमा प्रक्रियामा सबै प्रकारका लिङ्ग र समुदायको अर्थपूर्ण सहभागिता हुने गरेको छ वा छैन ? | ०–१ | ०.५ | बस्तीस्तरको योजना तर्जुमा गर्दाको वैठक माईन्यूट | |
| च | बार्षिक कार्यक्रम तर्जुमा गर्दा विषयगत समिति अनुसार छुट्याईएको बजेट र कार्यक्रममा लैससासलाई स्पष्ट रुपमा संवोधन गर्ने गरी विषयगत कार्यकमहरु तयार गरिएको छ वा छैन? | ०–१ | १ | गाउँ पालिकाको वजेट तथा कार्यक्रमको पुस्तिका | |
| छ | बञ्चितिकरण र जोखिममा परेका व्यक्ति र समुदायको लागि विशेष कार्यक्रम तथा बजेट तय भएको छ वा छैन ? | ०–१ | १ | गाउँपालिकाको वजेट तथा कार्यक्रमको पुस्तिका | |
| ३ | योजना कार्यान्वयन, अनुगमन/नियमन र मूल्याङ्कन | ७ | ५.५ | | |

- एकल अधिकार अन्तर्गतका कार्यहरु सम्पादन गर्दा गाउँपालिकाको आफ्नै ऐन, नियम, नियमावली र कार्यविधिलाई आधार लिएर कार्य सम्पदन गरेको पाइयो ।
- ऐन नियम तथा कार्यविधीमा निर्दिष्ट भएको संख्या, पदीय सोपान, लैङ्गिकताका आधार गाउँपालिकाको काममा सहभागिता हुन अभिप्रेरित गरेको पाइयो ।
- उपभोक्ता समितिमा कम्तिमा ३३ प्रतिशत महिलाको सहभागिता भएको पाइयो ।
- गतआ.व.को वार्षिक योजनामा लैङ्गिक तथा सामाजिक रुपमा वहिस्करणमा परेका व्यक्ति र समुहको उत्थानका लागि तर्जुमा गरिएका कार्यक्रम तथा वजेटको कार्यान्वयन पूर्ण रुपमा भएको पाइयो ।
- जातीय विभेद र छुवाछुत हटाउनका लागि वजेट विनियोजन सहित कार्यक्रम तयार गरी समयमै सम्पन्न गरेको पाइयो ।
- घुम्ति शिविर मार्फत पनि सेवा प्रवाह गरेको पाइयो ।
- लैससास सम्पर्क व्यक्ति तोकिएको पाइयो ।

ख) सुधार गर्नुपर्ने पक्षहरु:

- लैङ्गिक उत्तरदायी बजेट तर्जुमा प्रकृयालाई अझै प्रभावकारी रुपमा अवलम्बन गर्नुपर्ने ।
- लैङ्गिक संवेदनशिलताका विषयहरुमा केन्द्रित कार्यक्रमहरुको संख्या बढाउनु पर्ने ।
- अनुगमनका सूचकहरुमा लैससासले गरेका ब्यवस्थाहरुको समेत समावेश गरिनु पर्ने ।
- सामाजिक समावेशीकरणका धारणा र ब्यावहारिक हस्तक्षेप सम्बन्धि क्षमता बृद्धिका कार्यक्रम सञ्चालन हुनु पर्ने ।
- सार्वजनिक सेवाका लागि आएका सेवाग्राहिहरुको लैङ्गिकता, आवश्यकता र विशेष आवश्यकताको लागि फरक किसिमले सम्बोधन भएको हुनु पर्ने ।

१०. लैङ्गिक तथा सामाजिक समावेशी विकास कार्ययोजना

# लैङ्गिक तथा सामाजिक समावेशी विकास कार्ययोजना
## घ्याङलेख गाउँपालिका

| सि.नं. | गतिविधी | जिम्मेवार शाखा | अवधी | लागत |
|---|---|---|---|---|
| | **कानुन तथा नीतिमा लैङ्गिक समानता तथा समावेशीकरण** | | | |
| १. | नीति निर्माणका विधीहरु सम्बन्धमा महिला तथा सामाजिक रुपमा पछाडि परेकाहरुका लागि अभिमुखिकरण कार्यक्रम सञ्चालन | प्रशासन शाखा | २०८० आश्विन भित्र | १,००,०००।- |
| २. | निर्माण भएका कानुनहरुको अभिमुखिकरण कार्यक्रम | प्रशासन शाखा | २०८० आश्विन भित्र | ५०,०००।- |
| **लैससास विश्लेषणमा आधारित योजना तर्जुमा** | | | | |
| १. | जनप्रतिनिधीहरुका लागि लैङ्गिक उत्तरदायी वजेट निर्माण सम्बन्धमा तालिम सञ्चालन | प्रशासन शाखा | २०८० मंसिर भित्र | १,००,०००।- |
| | **योजना कार्यान्वयन,अनुगमन, नियमन र मुल्यांकन** | | | |
| १. | अनुगमनका लागि समावेशी सुचक निर्माणसँग सम्बन्धित अभिमुखिकरण कार्यक्रम सञ्चालन | योजना शाखा | दोस्रो चौमाशिक अवधिमा | ५०,०००।- |
| **आन्तरिक संरचना** | | | | |
| १. | बाल हेल्पलाइन १०९८, बालबालिका हराएमा वाभेटिएमा १०४, महिला तथा बालबालिका माथि हुने हिंसाको वारेमा उजुरी गर्न सकिने राष्ट्रिय महिला आयोगको टोल फ्रि नं. ११४५ को मा भएको व्यवस्थालाई जानकारी गराउने | न्यायिक समिति | तेश्रो चौमाशिक अवधीमा | २०,०००।- |

